सिविन–नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित




वर्ष २, अंक ७, बैशाख २०६५, काठमाण्डौ

## यस अंकमा......


१. सम्पादकीय

२. संविधान सभा पर्यवेक्षण–२०६४

३. नेपालमा बालअधिकारको स्थिति–२००८

४. गतिविधि

### महिनाको तस्वीर...



पढ्न, लेख्न स्कूल जान्छु कयौं पटक भने
स्कूल जान नपाएपछि साथी बन्यो मने !

✍ ***सम्पादकीय :***

# अब बन्ने संविधानमा बालबालिकाको सवालले प्राथमिकता पाउनु पर्दछ

ऐतिहासिक रुपमा नेपालमा संविधान सभा निर्वाचन सम्पन्न भएको छ । नेपाली जनताको परिवर्तनको आकांक्षा देखाएको छ, निर्वाचन परिणामले । त्यसैगरी सम्पूर्ण जिममेवार राजनैतिक पार्टीहरुले सहमतिको आधारमा शान्ति प्रक्रियालाई दीगो बनाउने दायित्व निर्वाह गर्ने बेला पनि आएको छ । निश्चयपनि यस घडीमा सम्पूर्ण राजनैतिक पार्टीहरुको काँधमा नयाँ नेपालको खाका नयाँ संविधान मार्फत कोर्ने ठूलो जिम्मेवारी आइपरेको छ । मूलतः निर्वाचनपूर्व विभिन्न पार्टीहरुले जारी गरेको घोषणापत्र र त्यसमा उल्लेख भएका कुराहरुलाई अब व्यवहारमा रुपान्तरण गर्नु सबैको दायित्व हुन आउनेछ ।

यसैक्रममा देशका प्रमुख राजनैतिक पार्टीहरुले आ–आफ्नो घोषणापत्रमा बालअधिकारका बिषयलाई समेत समावेश गरेका थिए । उक्त घोषणापत्रमा पार्टीहरुले बालबालिकाका नैसर्गिक अधिकारहरु, शिक्षा र स्वास्थ्यमा जोड दिएका थिए । साथै उत्पीडित तथा जोखिम परिस्थितिका बालबालिका, श्रमशोषण, बालअदालतको गठन, बालबालिकालाई तथा विद्यालयलाई शान्ति क्षेत्रको रुपमा सम्मान गर्ने आदि कुरालाई प्रमुखताका साथ उठाएका थिए । त्यसैगरी, वेपत्ता पारिएकाहरुका परिवारलाई राज्यले उचित राहत प्रदान गर्ने, द्वन्द्व पीडित बालबालिकाको उचित व्यवस्था गरिनेछ भनी पार्टीहरुले घोषणापत्रमा उल्लेख गरेका थिए ।

निश्चयपनि राजनैतिक पार्टीहरुले जारी गरेको घोषणापत्रमा पछि बालअधिकारका सवाललाई विगतको तुलनामा अलि फराकिलो बनाएको देखिन्छ । यद्यपि, यसको व्यवहारिक कार्यान्वयन भने कस्तो हुने हो ? त्यो भोलिको दिनले नै देखाउनेछ । तथापि, अब बन्ने संविधानमा बालबालिकाका सवाललाई प्रांथमिकताका साथ उत्थान गर्न पार्टीहरुले आफूले घोषणापत्रमा उल्लेख गरेका बालअधिकारका सवालमा संवेदनशील भई त्यसलाई व्यवहारमा उतार्नु पनि उत्तिकै जरुरी छ ।



# सिविन नेपालद्वारा जारी
# संविधान सभा निर्वाचन र बालअधिकार पर्यवेक्षण प्रतिवेदन

**२०६५ वैशाख १०**

**काठमाण्डौ**

समग्रमा संविधान सभाको निर्वाचन बालअधिकारको दृष्टिकोणले छिटफुट घटना बाहेक शान्तिपूर्ण तवरले सम्पन्न भएको छ । मुलुकभरमा तुलनात्मक रुपमा शान्तिपूर्ण वातावरणमा सम्पन्न यस निर्वाचनका क्रममा निर्वाचन अगाडि, निर्वाचनको दौरानमा र निर्वाचन पछि गरेर बिभिन्न राजनैतिक दलले बालबालिकालाई विभिन्न किसिमले प्रयोग गरेका थिए । मुख्य राजनैतिक दलले चुनावी घोषणापत्र जारी गर्दा कूल जनसंख्याको आधा हिस्सा ओगटेको बालबालिकाका बिषयलाई केही हदसम्म स्थान दिएका थिए । तर चुनावी दौरानमा भने आचारसंहिता विपरीत बालबालिकाको प्रयोग भएका उदाहरणहरु प्रसस्त देखिए ।

देशव्यापी रुपमा गरिएको प्रत्यक्ष अनुगमन र सूचना संकलनका आधारमा संविधान सभा निर्वाचन र बालअधिकार पर्यवेक्षण सम्बन्धी यस संक्षिप्त प्रतिवेदन सार्वजनिक गरिएको छ ।

## सिविनले प्रत्यक्ष पर्यवेक्षण गरेका जिल्लाहरु

सिविन नेपालले निर्वाचन आयोगमा संविधान सभा निर्वाचन पर्यवेक्षण गर्ने उद्देश्यले दर्ता भएका विभिन्न निकाय (नियोक, कियोक, जियोक, डिन र निमा) सँग बिभिन्न ठाउँमा निर्वाचन पर्यवेक्षण गरिएको थियो । जस अनुसार मोरङ्ग, सुनसरी, मकवानपुर, पर्सा, चितवन, बाग्लुङ्ग, धादिङ्ग, तनहुँ, हेटौंडा, कास्की, रुपन्देही, बाँके, रुकुम, रोल्पा, सल्यान, दोलखा, सिन्धुपाल्चोक, काभ्रे, नुवाकोट, र काठमाण्डौं, भक्तपुर र ललितपुरका १५ वटै निर्वाचन क्षेत्रमा पर्यवेक्षेण गरेको थियो । यस अतिरिक्त सिविनले आफ्नै पहलमा सोहि जिल्लाहरुमा निर्वाचन पूर्व, निर्वाचनको दौरानमा र निर्वाचन पश्चात पनि बालअधिकार पर्यवेक्षण गरेको थियो ।

## संविधान सभा निर्वाचनमा बालबालिकाको प्रयोग

सम्बिधान सभा निर्वाचनमा बालबालिकाको हित विपरित कुनैपनि प्रक्रियामा बालबालिकाको प्रयोग नगर्नका लागि पटक पटक सबै मुख्य राजनैतिक पाटहिरुद्वारा प्रतिवद्धता व्यक्त हुँदाहुँदै पनि सबैजसो राजनैतिक पाटीहरुले आफ्नो चुनावी प्रचार प्रसार, आफ्नो पक्षमा मतदान तथा विजय जुलुसहरुमा बालबालिकाहरुको प्रयोग गरिएको पाइएको छ । यसका साथै देशका सबैजसो राजनैतिक पार्टीहरुले निर्वाचन आयोगको आचारसंहितको धारा २३ को सिधै उल्लंघन गरेका छन् ।

जनसाधारणमा भने निर्वाचनमा बालबालिकाको प्रयोगको बारेमा चेतनामा अभिवृद्धि भएको पाइएको छ ॥ तुलनात्मक रुपमा चुनावका दिनमा हिंसात्मक घटनाहरु कम भए भने समग्रमा चुनावको दिन बालबालिकामाथि प्रत्यक्ष हिंसा भएन । विगतको चुनावको तुलनामा बालबालिकाले मतदान गरेको घटनामा भने कमी आएको पाइयो । थुप्रै बालबालिकाहरुलाई विभिन्न जिल्लामा स्वयंसेवकको रुपमा प्रयोग गरिएको जस्तैः मतदाताहरुलाई पानी खुवाउने, लाइनमा बस्न सघाउने, राजनैतिक पार्टीले मतदाता सूचीमा नाम हेर्न लगाउने, तथा निर्वाचन आयोगले नै मतदाताहरुलाई मसी लगाउने काममा समेत बालबालिकालाई संलग्न गराइएको पाइएको छ । त्यसैगरी कतिपय जिल्लामा बालबालिकाले प्रत्यक्ष रुपमा मतदान समेत गरे । कतिपय जिल्लामा १४ वर्षमाथिका बालबालिकाको नाम समेत मतदाता नामावली सूचीमा उल्लेख थियो भने अन्य ठाउँमा वयस्क मतदाता एवं मृत आमाबाबुका नाममा समेत बालबालिकाले मतदान गरेका थिए ।

- विभिन्न राष्ट्रिय दैनिकहरुमा प्रकाशित समाचारहरुका अनुसार मुख्य राजनैतिक दलहरुले आफ्ना चुनावी सभाहरुमा १२ बर्ष मुनिका बालबालिकालाई भाषण गर्न लगाएका थिए । त्यसैगरी अन्य पार्टीहरुले पनि आफ्ना चुनावी सभाहरुमा साँस्कृतिक टोलीमा बालबालिकाको प्रयोग गरेका थिए ।

- राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) का प्रतिनिधिहरुका अनुसार सप्तरी, पर्वत, सिराहा, नवलपरासी, अर्घाखाँची, धनुषा, अछाम, बाँके जिल्लाहरुमा सबै जसो मुख्य रानैतिक दलहरुले आफ्नो चुनावी ऱ्यालीमा बालबालिकाहरुलाई आफ्नो पार्टीको चुनाव चिन्ह अंकित टिशर्ट तथा टोपी लगाएर तथा पार्टीको झण्डा बोकाएर प्रयोग गरेका थिए ।
- त्यसैगरी कतिपय पार्टीहरुले १४ बर्ष माथिका बालबालिकालाई आफ्ना स्वयंसेवक समेत बनाएका थिए ।

काभ्रेपलाञ्चोक जिल्लाको क्षेत्र नं.१ को केही मतदान केन्द्रमा १४ वर्षमाथिका प्राय सबै बालबालिकाले मतदान गरे । यसरी मतदान गरेका एक १५ वर्षीय बालकका अनुसार उनले मतदान गरेको मतदान केन्द्रमा उनीभन्दा कम उमेरका थुप्रै बालबालिकाले समेत मतदान गरेका थिए । उनलाई बालअधिकारका बारेमा जानकारी भएका कारण १८ वर्ष उमेर नपुगी भोट हाल्नु हुँदैन भन्ने लागेको त थियो । तर, घरमा सबैले एक जुगमा एक दिन आउने चुनावमा भोट खसाल्न छुटाउन नहुने भन्ने दबाब दिएकाले उनले पनि भोट हालेको बताएका छन् । "भोट हाल्न जाँदा मनमा अली डर र त्रास भएको थियो" उनले भने–"तर मतदान केन्द्रमा पुग्दा आफूभन्दा निकै साना बालबालिकाहरु पनि मतदान गर्न लाइनमा बसेको देख्दा भने खासै डर लागेन ।" आफू मतदान गर्न जाँदा त्यहाँ खटिएका कुनैपनि पार्टीका प्रतिनिधि वा निर्वाचन आयोगका कर्मचारी समेतले नरोकेको उनले बताए । "बालबालिकाहरु खुरुखुरु मतदान गरिरहेका थिए । तर कसैले पनि त्यसको प्रतिवाद गरेनन् ।" उनले भने – "मतदान गरिसेपछि अब देशमा हत्या हिंसा बन्द हुन्छ भनी म दङ्ग भएको थिएँ ।"

सिन्धुपाल्चोक जिल्लाको क्षेत्र नं. ३ को तारामाराङ बुथमा अन्दाजी १०–११ वर्षका बालबालिकाहरुले भोट हालेको पाइएको थियो । त्यहाँ सबै दलहरुको सहमतिमा मतदाता नामावलीमा नाम भएका सबैलाई मतदान गर्न दिइएको थियो । तर, सो मतदाता नामावलीमा साना बालबालिकाहरुको नाम समावेश गरिएको कारण निर्वाचन आयोगद्वारा खटिएका तथा पर्यवेक्षकहरुले समेत निरीह भइ बालबालिकाले मतदान गरेको अवलोकन गरेका थिए । त्यसो त, एक १४ वर्षीय बालिकाद्वारा आफ्नी मृत आमा (३८ वर्ष) को नाममा मतदान गर्दापनि त्यहाँ कसैले चासो देखाइएको पाइएन । सो बुथमा १०–११ वर्षका एक सय भन्दा बढी बालबालिकाले मतदान गरेका थिए । तर, यसरी मतदान गर्ने अधिकांश बालबालिकाहरुको मतदाता नामावलीमा नाम सूचिकृत गरिएको थियो । सो मतदान केन्द्रमा मतदातालाई कुनैपनि परिचयपत्र बिनानै मतदान गर्न दिइएको थियो भने बालबालिकालाई स्वयंसेवकका रुपमा पनि प्रयोग गरिएको पाइएको थियो ।

दोलखा जिल्लाको काटाकुटीमा १५ वर्षका एक बालक निर्वाचनलाई हेर्न आफ्नो बुबाको साथमा मतदान केन्द्रमा पुगे । मतदाता नामावलीमा उनको पनि नाम सुचिकृत रहेछ । मतदान गर्दा डरले उनको खुट्टा थरथर काँपेको थियो । तर के गर्ने "सबैले हाल भनेपछि मैले पनि भोट हालिदिएँ" उनले भने ।

त्यस्तै दोलखाको जफेमा निर्वाचनको अघिल्लो दिन ८–९ कक्षामा अध्ययन गर्ने अन्दाजी १५–१६ वर्षका बालबालिका हातमा लठ्ठी बोकेर १०–१५ जनाको समूहमा हिडेका थिए । त्यसो त सो समूहको मतदाता नामावलीमा नाम नभएका कारण भोलिपल्ट भने उनीहरु मतदान केन्द्रभन्दा केही माथि बसेर मतदाताहरुलाई मनोवैज्ञानिक दबाब दिइरहेका थिए । त्यसैगरी, दोलखाको निर्वाचन क्षेत्र नं १ र २ मा सबैजसो राजनीतिक पार्टीहरुले आफ्नो चुनावी सभा, ऱ्याली, साँस्कृतिक कार्यक्रम, आमसभा र घरदैलो कार्यक्रममा समेत बालबालिकालाई उल्लेख्य मात्रामा प्रयोग गरेका थिए ।

तनहुँ क्षेत्र नं. २ को जनजुक्त शाही माविमा रहेको मतदान केन्द्रमा सोही विद्यालयमा अध्ययन गर्ने १५ वर्षकी एक बालिकालाई स्वयंसेविकाको रुपमा प्रयोग गरिएको थियो ।

एभेन्यूज टेलिभिजनले पर्साको बीरगंजमा कलिला बालबालिकाले निर्वाचनमा मतदान गरिरहेको दृष्य पनि सार्वजनिक गरेको थियो ।

## किन बालबालिकाले गरेको मतदानमा आपत्ति गरिएन ? वा रोकिएन ?

- राजनैतिक पार्टीहरुले आफ्नो पार्टीको पक्षमा थप मत खस्ने आशामा यस्ता कार्यहरु पार्टीहरुबीचको एक किसिमको पूर्व सहमतिद्वारा नै भएको पाइयो ।
- मतदाता नामावलीमा नाम सूचिकृत भएमा अन्य कसैले हकदावी नगरेको खण्डमा जोकोहीलाई पनि मतदान गर्न दिने सहमति भएको देखियो ।
- निर्वाचन आयोगको हकमा कसैले उजूरी नगरेसम्म आयोग कारबाहीमा उत्रिन नमिल्ने भएकोले आयोग मुकदर्शक मात्र भएको थियो ।
- काठमाण्डौमा बाहेक अन्य जिल्लाहरुमा मतदाताहरुले निर्वाचन आयोगको मतदाता नामावलीमा रहेका नाम, ठेगाना बाहेक कुनैपनि किसिमको परिचयपत्र पेश गर्नुपरेको थिएन । यसकारण पनि उमेर नपुगेका बालबालिकालाई मतदान गर्न सहज भएको थियो ।
- त्यसैगरी, धेरै बालबालिका स्वयंको नाम मतदाता सूचीमा उल्लेख भएको थियो । जसमा उनीहरु सबैको उमेर वयस्कको थियो । यसरी पार्टीहरु वा अभिभावकले पनि आफ्नो पार्टीलाई जिताउनको लागि अवोध बालबालिकाको प्रत्यक्ष प्रयोग गरेको पाइन्छ ।
- यसको अतिरिक्त निर्वाचनमा पर्यवेक्षणको लागि खटिएका हजारौं पर्यवेक्षकहरुको गाउँका मतदान केन्द्रमा उपस्थिति कम हुनुका साथै उपस्थित भएता पनि मतदान अवधिभर सो स्थानको पर्यवेक्षण गर्न नसक्दा बालबालिकाले खुलेर मतदान गरेका थिए ।

## बालबालिकाको मतदान प्रक्रियामा प्रत्यक्ष रुपमा प्रयोगले उनीहरुमा पार्न सक्ने असरहरु

- बालबालिकालाई प्रत्यक्ष मतदान गर्न लगाउँदा यदि, बालबालिकामाथि सकैले उजूरी कारबाही गरेमा, बालबालिका अप्रत्यासित जोखिममा पर्न सक्दछन् ।
- बालबालिकाले अनावश्यक डर, भय र त्रासको सामना गर्नु परेको हुन्छ । जसले उनीहरुको जीवनमा मनोसामाजिक समस्या निम्त्याउन सक्दछ ।
- बालबालिकाले झुठ र दण्डहीनताको संस्कार सिक्दछन् । जसको फलस्वरुप भविष्यका कर्णधार मानिएका बालबालिकाको नैतिक विकास ह्रास हुन सक्दछ ।
- यदि बालबालिकाले गरेको गैरकानुनी मतदानका कारण विवाद उत्पन्न भइ हिंसात्मक रुप लिन गएमा बालबालिका यसको प्रत्यक्ष सिकार हुन सक्दछन् ।

## सुझावहरु

१. मतदान नामावली संकलनका क्रममा नै बालबालिकाको नाम समाबेस नगर्ने सम्बन्धमा राजनैतिक दल सचेत हुनुपर्दछ । बालबालिकाको नाम नलेखाउने कुरामा प्रतिबद्ध हुनुपर्दछ । निर्बाचन आयोगले पनि नाम संकलन कै क्रममा क्रसचेक गर्ने संरचना बनाउनु पर्दछ । बालबालिकाको नाम लेखाएको थाहा पाएमा वा शंका लागेमा उजुरी गर्ने तथा निर्वाचन आयोग स्वयम्ले पनि छानबिन गर्ने प्रक्रिया र संरचना निमार्ण गरिनु पर्दछ ।

२. निर्वाचनको प्रचार प्रसार लगायतका कुनैपनि गतिविधिमा बालबालिकाको प्रयोगलाई पूर्णतः बन्द गर्नै कुरामा राजनैतिक दलहरुले स्पष्ट प्रतिबद्धता हुनु पर्दछ र व्यवहारमा लागू गर्नु पर्दछ । बालबालिकाको प्रयोग गरीएको देखिएमा तत्काल निर्वाचन आयोगले कारवाही गर्ने परिपाटी बसालिनु पर्दछ ।

३. बालबालिकाको प्रयोग सम्बन्धमा उजुरी परेमा मात्रै निर्वाचन आयोगले कारबाही गर्ने भन्ने वर्तमान ब्यबस्थामा सुधार ल्याई बालबालिकाको प्रयोग सम्बन्धमा सार्बजानिक भएमा समाचार वा आयोगको आफनै श्रोतबाट प्राप्त जानकारी समेतका आधारमा (सुओमोटोका रुपमा) कारबाही गरिने व्यवस्था गरिनु पर्दछ ।

४. मतदानका दिन नामावलीमा नाम छ भने उमेरको वास्ता नगरी मत हाल्न दिने भन्ने राजनैतिक दलहरुका प्रतिनिधिहरु बीच सहमति गर्ने परिपाटीको अन्त्य गरिनु पर्दछ ।

५. बालबालिका भनि शंका लागेमा मतदातालाई मतदान गर्न दिनु अघि निर्वाचन आयोगका तर्फबाट क्रस चेक गर्ने तथा आवश्यकता अनुसार कुनै पनि परिचय पत्रको माग गर्ने कुरालाई कडाईका साथ कार्यान्बियन गरिनु पर्दछ ।
६. बालबालिकाको प्रयोगको सम्बन्धमा मतदान अधिकारी तथा कर्मचारीहरु सचेत रहनुपर्दछ ।
७. अभिभावकहरु पनि बालबालिका प्रयोग हुनबाट रोक्ने तर्फ सचेत र क्रियाशील हुनुपर्दछ ।
८. बालबालिका स्वयम् पनि प्रचार प्रसार लगायत मतदान समेतका क्रममा संलग्न नहुने तथा अरुद्वारा प्रयोग हुनसक्ने कुरामा सर्तक हुनुपर्दछ ।
९. निर्वाचन पर्यवेक्षण गर्ने ब्यक्ति तथा संस्थाहरुले बालबालिकाको प्रयोगलाई पनि महत्व दिई पर्यवेक्षण गर्नु पर्दछ ।
१०. सबै सम्बन्धित पक्षहरु बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिंदै निहित स्वार्थका निमित्त बालबालिकालाई उनीहरुको शारिरीक तथा मानसिक विकासमा प्रतिकुल प्रभाव पर्ने गरी गैरकानुनी तथा गलत कार्यमा प्रयोग गर्ने प्रवृत्तिको तुरुन्त अन्त गर्न सचेत र क्रियाशील हुनु पर्दछ ।

संविधान सभाको निर्वाचन पश्चात पनि देशको राजनैतिक, आर्थिक तथा सामाजिक सवालहरूसँगसँगै देशका झण्डै आधा हिस्सा ओगटेका बालबालिकाका सवालले पनि उत्तिकै प्राथमिकता पाउनु पर्ने कुरामा जोड दिन चाहन्छौ । अब बन्ने देशको नयाँ संविधानमा बालबालिकाका अधिकारहरुलाई सुनिश्चित गरियोस् र संविधान बनाउने प्रक्रियामा समेत बालबालिकाको अर्थपूर्ण सहभागिता रहोस् भनेर सबै सम्बन्धित पक्षहरुलाई आव्हान पनि गर्न चाहन्छौं ।

CWIN
सिविन नेपाल
रविभवन, काठमाण्डौ

*बालअधिकारको स्थिति-२००८*

# बालअधिकार स्थिति अनुगमन-२००७

नेपालमा बालअधिकारको संरक्षण र त्यसको उल्लंघनको स्थिति र प्रबृत्तिका बारेमा अनुसन्धानात्मक प्रतिवेदन तयार गरी सार्वजनिक जानकारीको निम्ति प्रकाशित गर्ने उद्देश्यले सिविन-नेपालले विगत १२ वर्षदेखि नेपाली बालबालिकाहरुको अधिकारको स्थितिबारे वार्षिक र आवधिक प्रतिवेदन प्रकाशित गर्दै आइरहेको कुरा सर्वविदितै छ । यसमा प्रकाशित सूचनाहरु सन् २००७ जनवरी १ देखि डिसेम्बर ३१ अर्थात विगत एक वर्षमा प्रकाशित राष्ट्रिय अनुसन्धान प्रतिवेदन, तथ्याङ्क, पत्रपत्रिकाहरुको संकलित सूचना र बाल हेल्पलाइन नेपाल १०९८ र सिविन हेल्पलाइन काठमाडौं (४२७१-०००) तथा सिविन हेल्पलाइन विराटनगर (०२१-५३५७००) सिविन हेल्पलाइन हेटौडा, सिविन हेल्पलाइन नेपालगञ्ज, सिविन पोखरा लगायत सिविनले करिब ३५ वटा जिल्लाहरुबाट प्राप्त गरेका प्रत्यक्ष स्थलगत प्रतिवेदन तथा स्थलगत भ्रमणहरुबाट संकलित सूचना र तथ्याङ्कहरुमा आधारित रहेका छन् ।

नेपालले सन् १९९० मा संयुक्त राष्ट्र संघको बालअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेपश्चात बालअधिकारसम्बन्धी गतिविधिहरुमा व्यापकता भने पक्कै आएको छ । तर समाजका जागरुक मानिसहरु तथा बालबालिका स्वयंले बालअधिकारहननको विरुद्ध निरन्तर आवाज उठाइरहेता पनि सरकारले बालबालिकाहरुको उच्चतम हित र संरक्षणको सवालमा आफ्नो कर्तव्य पूरा गर्न सकेको छैन ।

गत वर्षहरुमा झैं यसवर्ष पनि सिविनले बालश्रमशोषण, बालमृत्यु, हराएका बालबालिका, बालदुर्व्यवहार, बालदुराचार, बालयौन शोषण र दुराचार, बालबालिकाको ओसार-पसार, जबरजस्ती देहव्यापार, द्वन्द्वमा परेका

बालबालिका र बालबिजाँइसम्बन्धी जम्मा ८ हजार ८ सय ५ वटा घटनाहरु रेकर्ड गरेको छ । गत वर्ष सन् २००६ मा यो संख्या ८ हजार २ सय ३१ थियो । सन् २००७ मा रेकर्ड गरिएका ८ हजार ८ सय ५ वटा घटनाहरु मध्ये बालबालिका विरुद्ध घरेलु हिंसाका १६ यातनाका १५४, बालहत्याका ५१, हत्या गर्ने प्रयास गरिएको १४, नवजात शिशुको हत्याका २४ घटनाहरु रहेका छन् । त्यसैगरी श्रमशोषणका १०७, यौन शोषणका २५, बलात्कारका २०१, (१६ वर्षमुनिका १२२), जेलमा परेका बालबालिका ३३, विद्यालयमा अनुशासन कारबाहीका २३१, परित्यक्त र बेवास्ता गरिएका ९०, शिक्षाबाट वन्चित २, आमाबाबुविहीन १५१, एच.आइ.भि.संक्रमणका १००५, प्राकृतिक प्रकोपबाट प्रभावित १७६ (११५ को मृत्यु), सरुवा रोगका कारण मृत्यु भएका १२१ एवं लापरबाहीका कारण मृत्यु भएका ९, अज्ञात रोगका कारण २२४ जना बालबालिका प्रभावित भएका थिए भने जसमा १७ जनाको मृत्यु भएको थियो । त्यस्तै, ५५३ जना विषाक्त खानाका कारण प्रभावित भएका थिए भने जसमा २६ जना बालबालिकाको मृत्यु भएको थियो । यस्तै,अत्याधिक गर्मीका कारण ४९९ जना बालबालिका बेहोस भएका, ५ जना रेबिज रोगका कारण मृत्यु भएका र विविध दुर्घटनाहरुमा परेका बालबालिकाका ५७२ (३४१ जनाको मृत्यु), सडक बालबालिका बिरामी भएका ४९, शारीरिक मानसिक अपाङ्गता भएका बालबालिकाका १८, बालगृहमा पर्याप्त सुविधाबाट वञ्चित ३९ बालबालिका र विभिन्न संघसंस्थाबाट उद्धार गरिएका १०३, आर्थिक अभावका कारण २ जनालाई अस्पतालबाट डिस्चार्ज गर्न नसकिएको र ७ जनामा पोलियो रोग देखा परेको घटनाहरु पनि समावेश छन् ।

देशमा चलिरहेको विविध राजनैतिक द्वन्द्वका कारण प्रत्यक्षरुपमा १८४ बालबालिकाका प्रभावित भएका थिए । जस मध्ये २१ जनाको मृत्यु (८ जना बालबालिका तराईमा अस्थिरताको मारण मृत्यु) भएको थियो । यस बाहेक ३९ घाइते भएका छन् भने १५ भन्दा बढी बालबालिकाहरुलाई अपहरण गरिएको घटनाहरु पनि यस वर्ष प्रकाशमा आएका छन् । त्यसैगरी राजनैतिक अस्थिरताका कारण ७ जना बालबालिकाहरु विस्थापित भएका थिए ।

यस अतिरिक्त यस वर्ष बालबालिकाको ओसारपसारका २८९ का घटना प्रकाशमा आएका थिए भने १६ वर्षमुनिका १०६ जना बालबालिकाको ओसारपसारका घटना सार्वजनिक भएका थिए । बालआत्महत्याका ३३ (२८ जनाको मृत्यु) परिवारविहीन धर्मपुत्र वा धर्मपुत्रीको निम्ति प्रकाशमा ल्याइएका ३८७ बालबालिका, बालविवाहका ४०, जातीय विभेदका १६, बालबिजाँइका कारण बालबालिकाहरुको गिरफ्तारीमा परेका १३६, हराएका २१७७ ( ६४ अपहरण) तथा भेट्टाइएका बालबालिकाका ९२१ घटनाहरु पनि सिविनले रेकर्ड गरेको छ । यी घटनाहरु सिविनले आफ्नो अनुसन्धान, स्थलगत भ्रमण तथा विभिन्न श्रोतहरु मार्फत संकलन गरेको छ । अन्य जोखिम परिस्थितिहरु जस्तै जातीय भेदभाव, लैंगिक भेदभाव, मनोसामाजिक पीडा, एवं अन्य दुर्व्यवहारमा परेका विभिन्न २७६ जना बालबालिकाहरुको घटनाहरु रेकर्ड गरेको छ ।

बालअधिकार सम्बन्धी बढ्दै गइरहेको जनचेतना एवं बालचेतनाका कारण बालअधिकार हननका सम्बन्धमा विविध सरकारी एवं गैरसरकारी निकायहरुमा खबर गर्ने एवं होशियारी गर्ने सकारात्मक कदमहरु पनि निरन्तर बढ्दो छ । यसैकारण पनि कैयौं बालबालिकाहरु आफ्ना अधिकारहरु हनन् हुनबाट सुरक्षित हुने गरेका छन् ।

## बाल बचावट

**सरुवा रोग**

नेपालमा प्रत्येक वर्ष हजारौं बालबालिकाको विभिन्न खालका सरुवा रोगका कारण मृत्यु हुने गरेको छ भने यस अवधिमा १२१ जना बालबालिकाको विभिन्न खालका सरुवा रोगका कारण मृत्यु भएको छ । जसमा ४९ बालिका र ५६ बालक थिए भने १६ जना अज्ञात रहेका थिए । त्यसैगरी खानामा विषादीका कारण ५५३ जना विरामी भएका थिए भने, अज्ञात रोग तथा बढी गर्मीका कारण समेत ४९९ जना बालबालिका बेहोस् भएको घटना सार्वजनिक भएको थियो । यस्तै, अज्ञात रोगका कारण २२४ जना बालबालिका पीडित भएका थिए भने १७ जना बालबालिकाको मृत्यु भएको थियो ।

त्यसो त कतिपय अवस्थामा आमाबाबुको अज्ञानता र तथा वेवास्ताका कारण पनि ३ जना बालबालिकाले अकालमै ज्यान गुमाउन परेको घटना पनि सार्वजनिक भएको छ । यस अवधिमा चिकित्सकको लापरबाहीका कारण पनि ६ जना बालबालिकाले ज्यान गुमाउनु पर्‍यो ।

## दुर्घटना र बालबालिका

सडक दुर्घटना नेपालको मात्रै नभइ संसारकै एक गम्भीर समस्या हो । यसबाट वर्षेनी लाखौं मानिसहरुको मृत्यु हुने गर्दछ । नेपालमा वर्षेनी हुने सडक दुर्घटनाहरुका कारण मात्रै पनि औसत ५ सय बालबालिकाको मृत्यु हुने गरेको छ । दिनहुँजसो सञ्चार माध्यममा सडक दुर्घटनाका घटनाहरु प्रकाशित भएका हुन्छन् । यसबाट बालबालिका नै बढी प्रभावित भएको पाइन्छ । बालबालिकाको हेरविचारमा परिवार, सरकार र समाजको हेलचेक्र्याइका कारण यस अवधिमा ५७२ जना बालबालिका विविध दुर्घटनाका घटना प्रकाशमा आएका थिए भने जसमा ३४१ जनाको मत्यु भएको थियो भने २२० जना घाइते भएका थिए भने दुर्घटनाका कारण ११ जना अझै वेपत्ता भएका छन् । यसबाहेक बालबालिकाको उचित हेरचाहको अभाव तथा परिवारको जिम्मेवारीका कारण पनि सयौं बालबालिका दुर्घटनामा पर्ने गरेका छन् भने दुर्घटनामा परेका अधिकांश बालबालिका समयमा पर्याप्त उपचार हुन नसक्दा अपाङ्ग हुने गरेका छन् ।

## प्राकृतिक प्रकोप

देशमा मनसुन सँगसँगै शुरु हुने बाढी, पहिरो तथा अविरल वर्षाका कारण हुने जलमग्नता तथा आगजनी जस्ता प्राकृतिक प्रकोपका कारण पनि हरेक वर्ष देशका विविध भागमा थुप्रै मानिसहरुको मृत्यु वा घाइते हुनुका साथै विस्थापित हुने गर्दछ । यस्ता प्राकृतिक प्रकोपहरुका कारण बालबालिका बढी मात्रामा प्रभावित हुने गरेका छन् । यसवर्ष तराई तथा केही पहाडी क्षेत्रमा गएको बाढी, पहिरो, चट्याङ, अविरल वर्षा जस्ता प्राकृतिक प्रकोपका कारण देशका विविध भागमा थुप्रै मानिसहरुको मृत्यु वा घाइते हुन पुगेका थिए । यस अवधिमा पनि प्राकृतिक प्रकोपबाट प्रभावित बालबालिकाका १७६ वटा घटना प्रकाशमा आएको जसमा ११५ जना बालबालिकाको मृत्यु भएको थियो भने ३६ जना सख्त घाइते भएका थिए भने सोही कारण २५ जना बालबालिका बेपत्ता भएका थिए ।

# बाल विकास

## बाल शिक्षा

प्राथमिक विद्यालय लगायत शिक्षाको विभिन्न तहमा छात्रछात्रा दुवको सहभागिता बढेको देखिन्छ । प्राथमिक विद्यालयमा खुद भर्नादर ८७.४ पुगेको छ । विद्यालय जाने उमेरका बालबालिका मध्ये छात्राको प्रतिशत ४८, आदिवासी जनजातिको करिव ३८ प्रतिशत, दलितका १८ प्रतिशत र अपाङ्गका १ प्रतिशत रहेको देखिन्छ । सरकारी र निजी गरी कूल विद्यालय सख्या २८,०२६ पुगेको छ । प्राथमिकस्तरमा शिक्षिकाको अनुपात ३०.६, दलितका २.५ र जनजातिका १७.८ रहको छ । मुलुकको कूल साक्षरता ५३.७ प्रतिशत छ भने महिला साक्षरता ४२.५ प्रतिशत रहको छ । साक्षरता लैङ्गिक समता सूचकाङ्क दशौं योजनाको अन्त्यसम्म ०.८ पुऱ्याउने लक्ष्य राखिएकोमा ०.६१ पगेको छ । अझै करिब १३ प्रतिशत बालबालिकाहरु प्राथमिक शिक्षाबाट वञ्चित रहेको देखिन्छ । विद्यालय र उच्च शिक्षामा सबै लिङ्ग, वर्ग र क्षेत्रका छात्रछात्राहरुको समान पहुँच पुग्न सकेको छैन । कक्षा दोहाऱ्याउने दर र बीचैमा कक्षा छाड्ने दर बढी छ भने उत्तीर्ण हुने दर सन्तोषजनक छैन । हरेक तहका शिक्षामा छात्रछात्राको पहुँच बृद्धि भइरहेको देखिएपनि गरिब, दलित खासगरी मधेशका दलित र आदिवासी जनजातिको भर्नादर न्यून रहेको छ ।

## धर्मपुत्रपुत्री र बालबालिका

नेपालमा धर्मपुत्रपुत्री लिनेदिने प्रचलन धेरै पहिलदेखि चलिआए तापनि यसबारेमा आधिकारिक तथ्याङ्क प्रकाशित हुने गरेको छैन । यस व्यवस्थालाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरिएको छ । आन्तरिक भन्नाले मुलकभित्रै धर्मपुत्र/धर्मपुत्री लिने व्यवस्था र बाह्य व्यवस्था भन्नाले विदेशी नागरिकले नेपाली बालबालिका धर्मपुत्र/धर्मपुत्रीका रुपमा ग्रहण गर्ने व्यवस्था । महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका अनुसार २०५७ सालबाट सुरु भइ हालसम्म विदेशी नागरिकहरुले धर्मपुत्रपुत्री लिने संख्या १ हजार ७ सय ९८ पुगेको छ ।

अनाथ र परित्यक्त बालबालिकाहरुलाई परिस्थिति अनुसार उनीहरुको उच्चतम हित सुरक्षित हुनेगरी देशभित्र वा बाहिर धर्मपुत्र-पुत्री लिनेदिने व्यवस्थालाई राम्रो मान्नुपर्दछ । तर यी कुराहरु बालबालिकाको उच्चतम हितमा उपयोग भएको छ कि छैन भन्ने कुरा सार्वजनिक चासोको बिषय बन्दै आएको छ । यसरी बालबालिकालाई धर्मपुत्रपुत्री लिनदिनको लागि सार्वजनिक सूचना प्रकाश गर्ने संघसंस्थाहरु दिनहुँ बढ्दै गइरहेका छन् । यस अवधिमा ३ सय ८७ जना बालबालिकालाई विभिन्न संघ-संस्थाद्वारा धर्मपुत्रपुत्रीको रुपमा प्रदान गर्न सकिने कुरा सार्वजनिक गरिएको थियो । जसमा १७८ बालिका, १८२ बालक र २ जना अज्ञात रहेका थिए । यसै सन्दर्भमा नेपालमा अन्तरदेशीय धर्मपुत्रपुत्री सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भयो । यस सम्मेलनमा धर्मपुत्रपुत्रीका सम्बन्धमा बनेको हेग महासन्धिलाई नेपाल सरकारले छिट्टै अनुमोदन गर्नुपर्ने र यसलाई अझै व्यवस्थित र पारदर्शी बनाउनुपर्ने कुरा उठाइएको थियो ।

# बाल संरक्षण

## दुर्व्यवहार, हत्या र घरेलु हिंसा

यस अवधिमा बालबालिकामाथि परिलक्षित हिंसाका १ हजार ७० वटा घटनाहरु प्रकाशमा आएका छन् । जसमा १५४ जना बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिइएको थियो भने २३१ जना बालबालिकालाई विद्यालयमा शारीरिक तथा मानसिक यातना दिइएको थियो । त्यस्तै घरेलु हिंसाका कारण १६ जना बालबालिका प्रभावित हुन पुगे । त्यसैगरी जोखिममा परेका बालबालिकाको संख्या २७६ जना रहेको थियो भने सिविन हेल्पलाइनको पहलमा मात्रै अनाथ, हराएका, विरामी परेका तथा यातना दिइएका गरी १०१ जना बालबालिकालाई विभिन्न क्षेत्रबाट उद्धार गरिएको थियो ।

यसैअवधिमा ५१ जना बालबालिकालाई पारिवारीक झगडा, रीसइवी तथा अन्य कारण हत्या गरिएको थियो भने १४ जनालाई हत्या गर्ने प्रयास गरिएको थियो । समाजमा बढ्दै गइरहेको विकृति र बालबालिकाप्रतिको जिम्मेवारीपनको कमी जस्ता कारणले गर्दा यस अवधिमा ९० जना बालबालिका आमाबाबुबाट परित्याग गरिएका घटना प्रकाशमा आएका थिए भने १५१ जना बालबालिकाहरु टुहुरा भएको प्रकाशमा आएको थियो । आर्थिक अभावका कारण विचल्लीमा परेका बालबालिका ३९ जना रहेको प्रकाशमा आएको थियो । समाजमा बढ्दै गइरहेको विकृति र बालबालिकाप्रतिको जिम्मेवारीपनको कमी तथा परिवार नियोजनबारे अनभिज्ञता र महिलाको गर्भ निरोधको ज्ञानको अभावको कारण २४ जना नवजात शिशुहरुलाई जन्मिने बित्तिकै निर्ममतापूर्वक हत्या गरी फ्याँकिएको थियो ।

## विद्यालयमा विद्यार्थीलाई यातना

शिक्षा दिइने पवित्र ठाउँको रुपमा लिइने विद्यालयमा अनुशासनको नाममा दिइने कडा सजायहरुको श्रृंखला बढ्दै गइरहेको छ । विद्यालयहरुमा अनुशासनका मापदण्डहरु फरक-फरक रहेका छन् । निर्दोष बालबालिकालाई गृहकार्य नगरेको, विद्यालयको अनुशासन तोडेको, बद्मासी गरेको, शिक्षकहरुको आदर नगरेको इत्यादि कारण देखाएर बेइज्जत गर्ने, शारीरिक एवं मानसिक यातना दिने प्रचलन नेपालका अधिकांश विद्यालयहरुमा रहेको पाइएको छ ।

यसवर्ष विद्यार्थीहरुको निम्ति आदर्श रहने गरेका शिक्षकहरुले १३१ जना विद्यार्थीहरुलाई अनुशासनको नाममा कडा यातना दिएका घटनाहरु सार्वजनिक भएका छन् ।

विद्यालयहरुमा हुने यस्ता अशोभनीय, अमानवीय तथा अमर्यादित व्यवहारहरुलाई बन्द गर्नको निम्ति विद्यालयहरुमा बालअधिकारको प्रत्याभूतिका निम्ति आचारसंहिताको पालना हुनुपर्ने तथा शिक्षकहरुलाई पनि व्यापक रुपमा बालअधिकारका बिषयमा संचेतना जगाउनु आवश्यक देखिएको छ । वास्तवमा विद्यालयहरु यातना गृह होइनन्, यो त शिक्षा र सामाजिकीकरणको पवित्र स्थल हुन् भन्ने कुरामा फेरि एकचोटी हाम्रो समाजमा पुनर्जागरण ल्याउनु पर्ने स्थिति छ ।

छुवाछुत तथा कुरीति

यस एक्काइसौं शताब्दीमा पनि छुवाछुत हाम्रो समाजमा व्याप्त रहिरहेको छ । सामाजिक, आर्थिक तथा राजनैतिक सबै क्षेत्रमा दबाइएका दलित समुदायका बालबालिकाहरु जीवनको उज्यालो पहिऱ्याउन छुवाछुत जस्ता कुरीतिहरुसँग जुझ्न बाध्य छन् । यसरी छुवाछुतबाट पीडित बालबालिकाहरुलाई सामाजिक रुपमा बहिस्कार गरिएका कैयौं घटनाहरु हाम्रो सामु रहेका छन् भने, यी बालबालिकाहरु विकासका सम्पूर्ण परिधिहरुबाट टाढा राखिएका छन् । एक्काइसौं शताव्दीमा पनि जातीयताका कारण यस अविधमा १६ जना बालक सामाजिक भेदभावबाट पीडित हुनुपऱ्यो ।

बालगृह

परित्यक्त, परिवारविहीन तथा जोखिम परिस्थितिका बालबालिकालाई विविध किसिमका बालगृह, आवधिक गृह तथा आवासीय गृहहरुमा राखी संरक्षण र पुनर्स्थापनाको निम्ति कार्य गर्ने संघ–संस्थाहरुको संख्या निरन्तर बढ्दो छ । जुन बालबालिकाको पुनर्स्थापनाको निम्ति सकारात्मक छ । तर कतिपय यी गृहहरुमा न्यूनतम मापदण्डहरु पनि उपलब्ध नहुनु तथा अन्य विविध अनियमितताहरु तथा बालअधिकारको हनन् पनि हुने गरेका छन् । यसरी न्यूनतम मापदण्ड पनि पूरा नगरी बालबालिकालाई पुनर्स्थापनाको नाममा बालबालिकाको उच्चतम हितलाई चुनौती दिने कामले बालबालिकाको सर्वोपरी हितलाई ध्यानमा राख्दै बालबालिकाको अधिकार संरक्षणमा लागेका संघसंस्था तथा निकायहरुलाई पनि अप्ठ्यारोमा पारेको छ । बालगृहहरुमा भइरहेका अनियमितताका कारण यसवर्ष ३९ बालबालिकाहरु प्रभावित भएका घटना सार्वजनिक भएका छन् । त्यसैगरी बालबालिकाले बालगृहहरुको संरक्षणमा रहेर पनि पर्याप्त सुविधाबाट वञ्चित भएका अवस्थाबाट १०३ जना बालबालिकालाई विभिन्न मानवअधिकारवादी संस्थाहरुको प्रयासमा उद्धार गरिएको थियो ।

## बाल सहभागिता

बालसहभागितालाई बालअधिकारको अभिन्न अङ्गको रुपमा सम्बर्द्धन गर्नका निम्ति विविध संघसंस्थाहरुले आ–आफ्नो क्षेत्रमा कार्यक्रमहरु संचालन गर्दै आइरहेका छन् । हाल नेपालमा झण्डै १० हजारको हाराहारीमा रहेको बालअधिकार मञ्च, बालक्लब तथा बालसमूहहरुले निरन्तर रुपमा बालअधिकार सम्बन्धी गतिविधिहरु सञ्चालन गर्दै आइरहेका छन् । बालबालिकाले नेतृत्व गरेका बालक्लब/बाल अधिकार मञ्च, बालसमूहहरु आफ्नो विचार राख्न, बालविवाह, बालश्रमशोषण, बालयौन शोषण, मदिरा प्रयोग आदि सामाजिक समस्याहरुका विरुद्ध बालबालिका र वयस्कहरुलाई सचेत बनाउनुका साथै सामाजिक परिवर्तनका लागि यस्ता बालक्लबहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । यस्ता संस्थाहरु आधिकारिक रुपमा संस्था खोल्न नागरिक र श्रोतको समस्या परेको जानकारी विभिन्न जिल्लाबाट प्राप्त भएको छ ।

यस क्रममा बालबालिकाको सञ्चारमा पहुँचको स्तर बढ्दै गइरहेको छ भने, बालबालिका आफैले पत्रपत्रिका, भित्तेपत्रिका निकाल्ने क्रम बढ्दै गइरहेको छ । यसका साथै स्थानीय निकायहरुसँग बालबालिकाको समन्वयात्मक कार्यक्रमहरु पनि बढ्दै गइरहेको छ । बालबालिकाका यी समूहहरुले तर यस अभियानमा बालबालिकाले थुप्रै चुनौतीहरुको सामना पनि गर्नु परेको छ ।

बालसहभागितालाई प्रबर्द्धन गर्नको निम्ति सरकारी एवं गैरसरकारी क्षेत्रहरुबाट बालगोष्ठी, सम्मेलन, सञ्चार माध्यममा बालबालिकालाई उनीहरुका गतिविधि सञ्चालन गर्न प्राथमिकता दिने, पत्रपत्रिकाहरुमा बालबालिका सम्बन्धी प्रकाशन, बालसाहित्य प्रकाशान जस्ता कार्यक्रम सञ्चालित छन् भने मनोरञ्जनका लागि उनीहरुलाइ पायक पर्ने ठाउँमा बालउद्यान, खेलमैदानको निर्माण गर्ने प्रयास गरिएका छन् । तर विभिन्न क्षेत्रलाई समेट्ने गरी बालसंरक्षण गर्नका लागि सञ्चालित कार्यक्रम पर्याप्त मात्रामा भएको पाइँदैन ।

त्यसो त विगत केही समयदेखि विभिन्न राजनीतिक पार्टीहरुले आफ्ना राजनीतिक गतिविधिहरुमा समेत बालबालिकालाई सहभागी गराउन थालिएको समाचार प्रकाशमा आइरहेको छ । यसले बालअधिकार संरक्षणप्रतिको राजनैतिक प्रतिबद्धताले व्यवहारिक रुपमा कार्यान्वयन हुन सकेको देखिँदैन । विशेषतः कुनैपनि राजनीतिक गतिविधिका बारेमा बालबालिकाहरुले जानकारी पाउनुपर्दछ । तर, भौतिक रुपमा उनीहरुलाई कुनै पनि राजनीतिक गतिविधिहरुमा संलग्न गराउनु भनेको बालअधिकार सम्बन्धी महासन्धि १९८९को उल्लंघन हो ।

*श्रोतः सिविन राष्ट्रिय स्रोत तथा सूचना केन्द्र, केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकार, ३ वर्षे अन्तरिम कार्ययोजना, युनिसेफ, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, विभिन्न राष्ट्रिय पत्रपत्रिका*


CWIN

सिविन नेपाल

रविभवन, काठमाण्डौ

फोन नं ४२८२२५५/४२७८०६४



समुन्नत, समृद्ध, नयाँ नेपाल !

महिला तथा बालबालिकाको साथमा मात्र सम्भव छ !!!

CWIN

Plan
Be a part of it.

बालअधिकार सम्बन्धी सम्पूर्ण जानकारीका लागि पाक्षिक रेडियो पत्रिका

बाल चौतारी

आइतबार बेलुकी ६ देखि ६.४५ बजेसम्म

रेडियो सगरमाथा एफ.एम १०२ थोप्लो ४ मेगाहर्जमा

अवश्य सुन्नुहोस्


## *गतिविधिहरु*

## निर्वाचनमा बालबालिकाको प्रयोग

काठमाण्डौ बास– केन्द्रीय बालकल्याण समितिले चुनावी प्रचारप्रसार तथा विजय ऱ्यालीका क्रममा प्रायः सबै राजनीतिक दलले बालबालिकाको प्रयोग भएको जनाएको छ ।

संविधान सभा निर्वाचनको प्रचारप्रसारमा बालबालिकाको प्रयोगबारे यथार्थ पत्ता लगाउन समितले देशव्यापी

यसैबीच सिविन नेपालले पनि निर्वाचनको क्रममा बालबालिकाको प्रयोगका सन्दर्भमा छुट्टै पर्यवेक्षण गरेको छ । सिविनले पनि उक्त पर्यवेक्षणका क्रममा देशका विभिन्न भागमा निर्वाचनका क्रममा बालबालिकालाई मतदान कार्यक्रमा सहभागी गराइएको पाइएको बताएको छ ।

## विद्यालय भर्ना अभियान सुरु

काठमाण्डौ बास- बालबालिकालाई शिक्षाको पहुँचसम्म ल्याउन चालू शैक्षिक सत्रदेखि देशभर बालविकास केन्द्रको स्थापना हुने भएको छ । शिक्षा तथा खेलकूद मन्त्रालयले प्रत्येक २० जना बालबालिकालाई बालबालिका केन्द्रको स्थापना गर्ने बताएको छ ।

पाँच वर्ष पूरा नभएका बालबालिकालाई प्राथमिक तहमा भर्ना नगरी पूर्वप्राथमिक कक्षा अन्तर्गत बालविकास कार्यक्रम सञ्चालन गर्ने शिक्षा कार्यक्रम सञ्चालन गर्ने शिक्षा विभागका निर्देशक जनार्दन नेपालले बताउनुभयो । उहाँका अनुसार बालविकास कार्यक्रम सञ्चालन गर्ने जिम्मा विद्यालय तथा समुदायलाई दिइनेछ ।

शिक्षा प्राप्त गर्ने बालबालिकाको नैसर्गिक अधिकारको सुनिश्चितता गर्दै विद्यार्थी भर्ना अभियान यही वैशाख ४ बाट सुरु गरिएको हो । कार्यक्रमअनुसार वैशाख १५ देखि २५ सम्म घरदैलो कार्यक्रम सञ्चालन गरी गाउँ टोलमा रहेका विद्यालय नआएका बालबालिकालाई विद्यालय ल्याई भर्ना गर्ने मन्त्रालयले जनाएको छ ।

## राष्ट्रिय भिटामिन "ए" कार्यक्रम सम्पन्न

काठमाण्डौ बास- यसवर्ष राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत देशभरका करिब ३७ लाख बालबालिकालाई भिटामिन ए र जुगाको औषधि खुवाइयो । उक्त कार्यक्रममा ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई भिटामिन ए र १ वर्षदेखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधि खुवाइने कार्यक्रम रहेको थियो ।

## अन्तरक्रिया सम्पन्न

लिवाङ रोल्पा बास- सिविन नेपाल रोल्पा, हुरेक रोल्पा र राष्ट्रिय सञ्चार विकास केन्द्र काठमाण्डौको संयुक्त आयोजना तथा नेपाल पत्रकार महासंघ रोल्पाको समन्वयमा संविधान सभा राज्य निर्माण र आचारसहिता पालनाका लागि युवा बालबालिका तथा नागरिक समाजको भूमिका बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । महासंघका अध्यक्ष काशीराम डाँगीको सभापतित्व तथा संविधानविद् तथा प्रशासकीय अदालतका अध्यक्ष कासीराज दाहालको प्रमुख अतित्थ्यमा सम्पन्न उक्त कार्यक्रममा सहभागीहरुलाई संविधानसभा र यसको महत्वका बारेमा यस क्षेत्रका विज्ञहरुले जानकारी दिनुभएको थियो । कार्यक्रममा ८० जना युवा तथा बालबालिकाको सहभागिता रहेको सहकर्मी तिलोत्तम पौडेलले जानकारी दिनुभयो ।

---

सिविन-नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित

CWIN सिविन-नेपाल

Plan Be a part of it. प्लान-नेपाल

सम्पर्क ठेगाना: पो.ब.नं. ४३७४, रविभवन, काठमाण्डौ । इमेल:cwinpublication@gmail.com

प्रमुख सल्लाहकार : सुम्निमा तुलाधर

सल्लाहकारहरु : माधव प्रधान, तारक धिताल, सुवोध श्रेष्ठ, कुमार भट्टराई, रश्मिला शाक्य

विशेष सहयोग : शुभराज पोखरेल, सूर्यनारायण श्रेष्ठ, अञ्जना प्रधान, दीपेन्द्र पण्डित

सम्पादक: विमलकुमार थापा